## अनुसूची ६

## (दिग्दर्शनको दफा ५.५.३ संग सम्वन्धित)

## <u>हलेसी तुवाचुङ नगरपालिकाको आर्थिक ऐन</u>

### हलेसी तुवाचुङ नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** हलेसी तुवाचुङ नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम हलेसी तुवाचुङ नगरपालिको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि हलेसी तुवाचुङ नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र राजश्व पारमर्श समितिले निर्धारण गरे बमोजिम एकिकृत/ सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा राजश्व पारमर्श समितिले निर्धारण गरे बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । *(एकीकृत सम्पत्ती कर लगाएको अवस्थामा भूमि कर नलाग्ने)*

४. **घर जग्गा वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा राजश्व पारमर्श समितिले निर्धारण गरे बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा राजश्व पारमर्श समितिले निर्धारण गरे बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका

जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत राजश्व पारमर्श समितिले निर्धारण गरे बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा राजश्व पारमर्श समितिले निर्धारण गरे बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत् नगरपालिकाको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा राजश्व पारमर्श समितिले निर्धारण गरे बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

९. **मनोरञ्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा राजश्व पारमर्श समितिले निर्धारण गरे बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा राजश्व पारमर्श समितिले निर्धारण गरे अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत राजश्व पारमर्श समितिले निर्धारण गरे बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत राजश्व पारमर्श समितिले निर्धारण गरेको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका राजश्व पारमर्श समितिमा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही समितिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१४. पर्यटन प्रवेश शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुवाट राजश्व पारमर्श समितिमा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

**१७. विविध**

१. नेपालको संविधान २०७२ को धारा ५७(५), १०९,१६२(४), १९७, २१४(२), २२१(२) र २२६(१) सँग सम्बन्धित अनुसूचि ९ अनुसार संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा परेका अधिकारहरूको हकमा प्रदेश तथा संघीय कानून स्वीकृत भै सोही कानूनहरुमा व्यवस्था भए बमोजिम हुनेछ ।

२. कर शुल्क तथा दस्तुरहरुको दर निर्धारण गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ मा उल्लेखित न्युनतम तथा अधिकतम सीमालाई आधार मानिने छ ।

३. यस ऐन बमोजिमको कर, शुल्क तथा दस्तुर संकलनका लागि हलेसी तुवाचुङ नगरपालिकाले निजी क्षेत्रको सीप, क्षमता र पूँजीलाई अधिकतम उपयोग गर्ने गरी आवश्यक रणनीति निर्माण गरी सार्वजनिक निजी साझेदारी (Public Private Partnership - PPP) को अवधारणा अनुसार आवश्यकता र प्रभावकारिता समेतलाई मध्यनजर गरी केही आयोजनाहरु कार्यान्वयन गर्न सक्ने छ ।

४. आफ्नो अधिकार क्षेत्रभित्रको कर, शुल्क तथा दस्तुरहरू निर्धारण एवं संकलन गर्ने सन्दर्भमा हलेसी तुवाचुङ नगरपालिकाले सरकारी वा गैरसरकारी संस्था, नगरबासीहरू र सरोकारवालाहरू समेतको आवश्यक परामर्श एवं सहयोग लिन सक्नेछ ।

५. नगरका विभिन्न स्थानमा अस्थायी रूपमा बसोबास गरिरहेका नागरिकहरूलाई करको दायरामा ल्याउन हलेसी तुवाचुङ नगरपालिकाले आवश्यक तयार गरी लागु गर्न सक्नेछ ।